# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार
# आचार संहिता नियमावली - २०१८

**प्रस्तावना**

गैरआवासीय नेपाली संघ एक गैर राजनीतिक, गैर नाफामुलक र स्वैच्छिक अन्तर्राष्ट्रिय संगठन हो । गैरआवासीय नेपाली संघको उद्देश्य नेपाललाई शान्त, समृद्ध र विकसित मुलुक बनाउने हो । *नेपालीका लागि नेपाली* भन्ने मुख्य नारा द्वारा गैरआवासीय नेपाली अभियान निर्देशित छ। गैरआवासीय नेपाली संघको आचार संहिता व्यक्ति तथा संस्थालाई जिम्मेवार, आचरणयुक्त वनाउन साथै व्यक्ति र संगठनको उचित अभ्यासका लागि तयार पारिएको नियम तथा अवधारणा हो ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा ६ मा उल्लेखित उद्देश्यहरु संबन्धि कार्य सम्पादन गर्न गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको आचार संहिता नियमावलीको अधिनमा रही गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा २५ र २६ लाई कार्यन्वयन गर्न दफा २५.१ ले दिएको अधिकार प्रयोग गरी गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आचार संहिता नियमावली - २०१८ तयार पारी जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस नियमावलीको नाम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आचार संहिता नियमावली - २०१८ हुनेछ। संक्षिप्तमा एनआरएनए, एनसीसी कतार, आचार संहिता नियमावली - २०१८ हुनेछ ।

ख) यस नियमावली कार्यसमितिको पूर्ण बैठकले पारित गरे पछि तुरुन्त लागू हुनेछ ।

ग) यो आचार संहिता राष्ट्रिय समन्वय परिषद कतारको विधानमा उल्लेख भएका कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरु तथा सम्पूर्ण सदस्यहरुमा लागू हुनेछ। साथै कतारबाट पन्जिकृत सदस्यता लिई आईसीसीमा जुन सुकै पदहहरुमा पदीय जिम्मेवारी लिएकाहरुको हकमा आईसीसीले पारित गरेको आचार सहिंता बमोजिम लागू हुनेछ ।

**२. छाप र झण्डा :-**

क) यस नियमावलीको छाप र झण्डा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको छाप र झण्डा नै प्रयोग गरिनेछ ।

## परिच्छेद- २
## परिभाषा

**३. परिभाषा**

**परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

३.१ "गैरआवासीय नेपाली" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा ३.१ बमोजिम गरिएको परिभाषालाई बुझाउने छ ।

३.२ "संघ" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ ।

३.३ "राष्ट्रिय समन्वय परिषद्" भन्नाले गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ ।

३.४ "विधान" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान भन्ने सम्झनु पर्दछ ।

३.५ "केन्द्रिय विधान" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान भन्ने सम्झनु पर्दछ।

३.६ "राष्ट्रिय महाधिवेशन" भन्नाले निर्वाचन हुनका लागि दुई वर्षमा आयोजना गरिने राष्ट्रिय महाधिवेशनलाई बुझाउने छ।

३.७ "वार्षिक भेला" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको वार्षिक भेलालाई बुझाउने छ ।

३.८ "विशेष अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको विशेष अधिवेशनलाई बुझाउने छ ।

३.९ "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको अध्यक्षलाई बुझाउने छ ।

३.१० "उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद को उपाध्यक्षलाई बुझाउने छ ।

३.११ "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद को महासचिव लाई बुझाउने छ ।

३.१२ "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषदको सचिवलाई बुझाउने छ ।

३.१३ "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको कोषाध्यक्षलाई बुझाउने छ ।

३.१४ "सह-कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको सह-कोषाध्यक्षलाई बुझाउने छ ।

३.१५ "प्रवक्ता" भन्नाले राष्ट्रिय समन्वय परिषदको प्रवक्तालाई बुझाउने छ ।

३.१६ "महिला संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको महिला संयोजकलाई बुझाउनेछ ।

३.१७ "युवा संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको युवा संयोजकलाई बुझाउने छ ।

३.१८ "परिषद सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषदको कार्य कारिणी समितिको सदस्यलाई बुझाउने छ ।

३.१९ "पदाधिकारी" विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीलाई बुझाउनेछ ।

३.२० "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषदले चयन गरेका सल्लाहकारलाई बुझाउने छ ।

३.२१ "मानार्थ सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषदको सिफारिसमा चयन गरिएको संघको मानार्थ सदस्यलाई बुझाउनेछ ।

३.२२ "सम्बद्ध सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद कतारको सिफारिसमा चयन गरिएको संघको सम्बद्ध सदस्यलाई बुझाउनेछ ।

३.२३ "साधारण सदस्य" भन्नाले दुई वर्षभन्दा बढि दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास
गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ ।

३.२४ "पञ्जिकृत सदस्य" भन्नाले साधारण सदस्यले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पूर्वक राष्ट्रिय समन्वय परिषदले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।

३.२५ "जुनियर सदस्य" भन्नाले १८ वर्ष उमेर पुरा नभएका गैरआवासीय नेपालीका सन्तानलाई जनाउने छ ।

३.२६ "प्रारम्भिक सदस्य" भन्नाले दुई वर्षभन्दा कम दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास
गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ।

३.२७ "सदस्यता शुल्क" भन्नाले राष्ट्रिय समन्वय परिषदले परिषदका पदाधिकारी, सदस्यहरु, पञ्जिकृत सदस्यहरु वा साधारण सदस्यहरुका लागि तोकिएको शुल्कलाई बुझाउनेछ ।

३.२८ "कार्यसमिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद्को कार्यसमितिलाई सम्झनु पर्दछ ।

३.२९ "अनुशासन तथा अनुगमन समिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद्को अनुशासन तथा अनुगमन समिति सम्झनु पर्दछ ।

३.३० "व्यक्ति" शब्दले कानूनी वा प्राकृतिक दुवैलाई बुझाउने छ।

३.३१ "संघ-संस्था" भन्नाले नेपाली राजदुतावास कतारमा सूचिकृत भएका दोहामा स्थपित नेपाली संघ संस्था सम्झनु पर्दछ।

## परिच्छेद- ३
## उद्देश्यहरु

४. यो आचार संहिता एनआरएनए एनसीसी कतार र यसको सदस्यहरुको अपेक्षाको मानकको रुपमा हुनेछ। यो आचार संहिताको उद्देश्य एनआरएनए एनसीसी कतारका सदस्यहरुको क्रियाकलाप उच्च नैतिक स्तरको सुनिश्चित गर्नका लागि तयार पारिएको हो। एनआरएनए एनसीसी कतारका कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यहरु, प्रत्येक पञ्जिकृत सदस्यहरुले यो आचार संहिता पढ्न, बुझ्न र लागू गर्न आवश्यक छ।

५. यस नियमावलीको उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

क. संस्थाको विधान अध्ययन गर्ने, एनआरएन सम्बन्धि समाचारहरु, जानकारीहरु अध्ययन गर्ने, सामाजिक संजालहरु मार्फत संस्थाका गतिविधिहरुलाई सकरात्मक तरिकाले प्रबर्द्धन गर्ने।

ख. ईमान्दार र विश्वासिलो भई एनआरएनएको सबै गतिविधिहरु सञ्चालन गर्न।

ग. एनआरएनएको चासो बढाउन र यसको प्रतिष्ठा बढाउन प्रयास गर्ने।

घ. एनआरएनएलाई हानि हुने विकृति र विसंगतिहरुवाट वचाउने।

ङ. एनआरएनएको लागि कुनै पनि कर्तव्य, जिम्मेवार वा दायित्वहरु प्रदर्शन गर्दा कौशलता, ईमान्दारी, हेरविचार र लगनशीलताको साथ र कुनै पनि सम्बद्ध कानुन वा नियमहरु पालना गर्न।

च. एनआरएनएको लागि कुनै पनि कर्तव्य, जिम्मेवारी वा दायित्वहरु बहन गर्दा वा गतिविधि गर्दा निष्पक्षता र तटस्थताका साथ गर्न।

छ. एनआरएनएको विधान अक्षरस पालन गर्न।

ज. सहकर्मी सदस्यहरुलाई आदर र शिष्टाचारको साथ आफु सरह राम्रो व्यवहार गर्ने।

झ. आधिकारिकता विना आफुलाई एनआरएनएको प्रतिनिधिको रुपमा प्रस्तुत नगर्ने।

६. यो आचार संहिता गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र तल उल्लेखित गरिएका सम्पूर्ण सदस्यहरुमा लागू हुनेछ।

क. राष्ट्रिय समन्वय परिषद कतार (एनसीसी) का कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यहरु

ख. साधारण सदस्यहरु

ग. प्रारम्भिक सदस्यहरु

घ. पञ्जिकृत सदस्यहरु

ङ. सम्बद्ध सदस्यहरु

च. मानार्थ सदस्यहरु

## परिच्छेद- ४
## अनुशासन सम्बन्धि व्यवस्था

७. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र यसका सदस्यहरुलाई उच्च ईमान्दारिता, अख्तियार, नैतिकता र वैधानिकता कायम राख्न र सुनिश्चित गर्न यो आचार संहिता नियमावली प्रतिबद्ध छ।

यस नियमावलीको अनुगमन राष्ट्रिय समन्वय परिषद कतारको विधानको परिच्छेद ७ को दफा २५.३ बमोजिम उल्लेख भए बमोजिम राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अनुशासन तथा अनुगमन समितले गर्नेछ ।

क) राष्ट्रिय समन्वय परिषदको विधानको परिच्छेद ७ को दफा २५ मा भएको व्यवस्था बमोजिम नियमहरु सदैव पालना गर्नु पर्नेछ ।

**ख) एनआरएनएको सवाल वा चासोमा कार्य गर्न**

१. सम्पूर्ण सदस्यहरुले संस्थाको पदाधिकारी वा सदस्यको हैसियतले संस्थाको कामकारवाही तथा कार्यक्रमहरुलाई मर्यादित र प्रभावकारी रुपमा संचालन गर्न सहयोग गर्ने साथै संस्थाको अस्तित्व र समाजिक खलल पुऱ्याउने गतिविधीहरु नगर्ने ।

२. आईसीसीको कार्यकारी सदस्यहरु र एनसीसीमा कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरुले एक आपसमा सबैलाई सम्मानजनक व्यवहार गर्ने ।

**ग) विवादित विषयमा**

१. एनआरएनएका सदस्यहरुले एनआरएनएको हितन्नोती वा व्यक्तिगत सम्वन्धको कुनै पनि विवादित परिस्थितिबाट टाढा रहनु पर्दछ ।

२. विवादित चासो कुनै एक सदस्य, सम्बद्ध सदस्यको जिम्मेवारी वा कर्तव्यमा आधारित हुनेछ । विवादित चासोको कुनै पनि सम्भावनालाई तुरुन्तै र स्पष्ट रुपमा खुलासा गर्नुपर्छ। यस्को प्रतिवेदन कार्यसमिति मार्फत अनुशासन तथा अनुगमन समितिलाई गर्नुपर्छ ।

विवादित विषयका केहि उदाहरणहरु तपसिल बमोजिम छन् ।

क) एनआरएनए वा एनआरएनएको सम्बद्ध निकायको साथ व्यक्तिगत, व्यवसाय वा वित्तीय लाभको लागि आफ्नो स्थिति वा सम्बन्ध प्रयोग गरेर वा शोषण गर्दै यसमा व्यक्तिगत रुपमा सदस्यको लागि लाभहरु, साथसाथै सदस्यका आफन्तहरु, साथीहरु वा सम्बन्धित व्यवसायहरुको लागि लाभहरु समावेश छन् ।

ख) एनआरएनए ईमेल, हस्ताक्षर र कार्डहरु व्यक्तिगत र व्यावसायिक गतिविधिहरुमा प्रयोग गर्नु हुदैन।

ग) एनआरएनए समूह इमेल व्यक्तिगत अभिवादन र उत्सवको लागि प्रयोग गरिनु हुँदैन।

घ) एनआरएनको सम्वन्धका आधारमा कुनै पनि नगद वा उपहारको अनुरोध गर्न र स्विकार गर्न हुँदैन । सदस्यहरुले कुनै पनि घुश र कमिशन लिन वा वुझाउन हुदैन ।

ङ) एनआरएनएको उद्देश्य विपरीत कुनै पनि गतिविधि गर्नु यसको हित विपरित मानिनेछ ।

**३. एनआरएनएको सम्पत्ति र संसाधन**

क) एनआरएनएको सम्पत्ति र संसाधनको रुपमा नगद, बौद्धिक सम्पदा, गोप्य जानकारी, उपकरणहरु र मानव संसाधनहरुलाई समावेश गरिएको छ ।

ख) सदस्यले गैरआवासीय नेपाली संघको कोष र सम्पत्ति, सम्पत्ति वा स्रोतहरु उचित, अधिकृत प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्दछ। सदस्यले निजी प्रयोगको लागि एनआरएनएको कुनै पनि कोष र सम्पत्ति वा स्रोत प्रयोग गर्नु हुदैन ।

ग) सदस्यहरुले आफ्नो एनआरएन कोष, सम्पत्ति र संसाधनको संरक्षणको लागि सर्वोत्तम प्रयास गर्नु पर्नेछ।

४. राजनीति

क) एनआरएनए एक गैर राजनीतिक संगठन हो। राजनीतिक संस्था भन्नाले नेपालको निर्वाचन आयोगमा दर्ता भएका नेपाली राजनितिक पार्टी वा नेपालमा वा विभिन्न देशमा दर्ता भएका तिनका भातृ संगठनलाई वुझाउदछ ।

ख) एनआरएनएका सदस्यहरुले आफूलाई राजनितिक व्यक्तिका रुपमा प्रस्तुत गर्न हुदैन । उनीहरुको राजनीतिक विचारले एनआरएनएको विचार वा स्थितिमा प्रभाव पार्न हुदैन।

ग) एनआरएनएका कार्यकारी वा साधारण सदस्यहरु कुनै पनि देशमा ती राजनीतिक दलहरुको साधारण सदस्य हुन सक्छन्। तर उनीहरुको राजनीतिक विचारलाई प्रतिबिम्बित गर्न वा एनआरएनए र यसका गतिविधिहरुमा राजनैतिक प्रभावलाई प्रयोग गर्न सक्ने छैनन् ।

घ) आईसीसीको कार्यकारी सदस्यहरु र एनसीसीमा कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरु कुनै पनि देशको राजनितिक दल वा तिनका भातृ संगठनहरुका कार्यकारिणी पदमा हुनुहुदैन। कार्यकारी सदस्य भन्नाले हालको अवस्थामा एनआरएनएन एनसीसी र आईसीसीको कुनै पनि कार्यकारिणी पदलाई जनाउनेछ ।

ङ) आईसीसीका कार्यकारी सदस्यहरु र एनसीसीका कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरुले राजनीतिक विचारलाई प्रतिबिम्बित गर्न र एनआरएनएका गतिविधिहरुलाई दलीय प्रभाव पार्ने गरी पत्रपत्रिकाहरुमा लेख प्रकाशित गर्न, सार्वजनिक कार्यक्रमहरुमा वा सामाजिक सञ्जालहरुमा अभिव्यक्ति दिनु हुदैन ।

५. गोपनियता:

क) एनआरएनए गतिविधिहरुको सन्दर्भमा सदस्यहरुले गोपनीय जानकारीको पहुँच राख्न सक्छन् । गोप्य जानकारी भन्नाले एनआरएनए वा यसको सम्बद्ध निकायहरु, यसको रणनीतिहरु, योजनाहरु, प्रचार, वित्तीय विवरणहरु, र सदस्यहरुको व्यक्तिगत जानकारी वा तेस्रो पक्षहरुको जानकारीलाई जनाउँदछ ।

ख) सदस्यहरुले आधिकारिता विना गोपनीय जानकारीको प्रयोग गर्नु वा खुलासा गर्नुहुदैन।

ग) यसका सदस्यहरुले व्यक्तिगत वा अरुका लागि, नातेदार वा साथीभाईको हित वा फाईदाका लागि वा व्यवसायिक प्रयोजनका लागि संस्थाका गोपनीय जानकारीको प्रयोग गर्न हुदैन ।

घ) एनआरएनएको सदस्य रहदा वा नरहदा समेत सदस्यहरुले गोपनीय जानकारीको सुरक्षण गर्नु पर्दछ । यो अवस्था यसको सदस्य रहदा वा नरहेको अवस्थामा समेत लागू हुनेछ ।

६. अन्य

क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता विरूद्ध एवं विभिन्न जात-जाति, धर्म, सम्प्रदाय, भाषा, संस्कृति बिचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने क्रियाकलाप गर्न र अभिव्यक्ति दिनु हुदैन ।

ख) जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक तथा मानसिक अवस्था जस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न हुने कार्य र अभिव्यक्ति दिनु हुदैन ।

ग) त्रसित पार्ने, धम्क्याउने, अनुचित आर्थिक फाइदा उठाउने, व्यक्तिगत स्वार्थपूर्ति गर्ने र कसैलाई अनुचित लाभ वा हानि पुऱ्याउने नियत राखी पदीय मर्यादा प्रतिकूल कार्य गर्नु हुँदैन ।

घ) कसैको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि क्रियाकलाप गर्न, कसैलाई व्यक्तिगत वा संस्थागत अभिव्यक्ति तथा धाक धम्की र असभ्य गाली गलौज दिनु हुदैन ।

ङ) राष्ट्रिय समन्वय परिषदले आग्रह, पूर्वाग्रह, नातावाद, कृपावाद विचार र अन्य कुनै पनि स्वार्थवाट माथि रहि निःस्वार्थ मानविय सहयोगलाई मूल उद्देश्य मानी कार्यहरु गर्नु पर्नेछ ।

च) राष्ट्रिय समन्वय परिषदको बैठकहरुबाट विभिन्न बैठकहरुमा नियमानुसार बहुमतबाट पारित निर्णयहरुलाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

७. **आचार संहिता उल्लंघन नगर्ने :** आचारसंहिता पालन गर्ने दायित्व सबै सदस्यहरुको हो ।

क) आचार संहिताको उल्लंधन भए नभएको वारेमा जानकारी वा उजुरी गर्ने अधिकार र जिम्मेवारी सम्पूर्ण सदस्यहरुको हो । यस्ता उजुरी तथा जानकारीहरु कार्यसमिति र अनुशासन तथा अनुगमन समितिलाई गराउनु पर्दछ । सबै रिपोर्ट तथा उजुरीहरुको गोपनियता राखिनेछ ।

## परिच्छेद- ५
## उजुरी र कारवाही सम्बन्धि व्यवस्था

८. उजुरी र कारवाही सम्बन्धी व्यवस्था :

यस नियमावलीको कार्यन्वयन राष्ट्रिय समन्वय परिषद कतारको विधानको परिच्छेद ७ को दफा २५.३ बमोजिम उल्लेख भए बमोजिम राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अनुशासन तथा अनुगमन समितले दफा २६.१ बमोजिम गर्नेछ ।

क. उजुरी

१) यस नियमावलीको परिच्छेद ४ मा उल्लेख भए बमोजिमका आचार संहिताहरु उलङघन भएको पाईएमा राष्ट्रिय समन्वय परिषदको विधानको परिच्छेद ७ को दफा २६.१ मा भएको व्यवस्था बमोजिम राष्ट्रिय समन्वय परिषद कतारका कार्यसमितिका पदाधिकारीहरु, सदस्यहरु तथा पञ्जिकृत सदस्यहरु वा अन्य सदस्यहरु उपर उजुरी दिन सक्नेछ ।

२) माथि उपदफा (१) मा उल्लेख भए अनुसार उजुरी प्राप्त भएमा कार्यसमितिले अनुशासन तथा अनुगमन समितिबाट जाँचबुझ गरी राय माग गर्न सक्नेछ ।

३) अनुशासन तथा अनुगमन समितिले कार्यसमितिको निर्देशन अनुसार समय सिमा भित्र जाँचबुझ तथा छानबिन गरि उपदफा (१) बमोजिमको उजुरीको काम कारवाहीका प्रक्रियाहरु पुरा गरी सो संबन्धमा सत्य तथ्य सबुत प्रमाण सहित कारवाहीको सिफारिस गर्न सक्नेछ ।

४) आईसीसीको विभिन्न पदहरुमा पदीय जिम्मेवारी लिएका पञ्जिकृत सदस्यहरुको हकमा निज बहाल रहेको पद अनुसारको अनुशासन उलंघन गरेको पाईएमा आईसीसीमा उजुरी गर्न सक्नेछ ।

**ख. कारवाही तथा निर्णय :**

१) यो आचार संहिता पालना नगरेमा वा उल्लंघन गरेमा उलंघनको गम्भीरताका आधारमा सम्बन्धित सदस्यलाई अनुशासन तथा अनुगमन समितिको सिफारिस अनुसार विधानको परिच्छेद ७ को दफा २६.१ मा भएको व्यवस्था बमोजिम राष्ट्रिय समन्वय परिषद्को बैठकको बहुमतको निर्णयले देहाय बमोजिम एक वा सोभन्दा बढी कुनै पनि कारबाहीको निर्णय गर्न सक्नेछ । यदि अभियोग अनुचित ठहरेमा बैठकले सफाई दिन सक्नेछ ।

१) लिखित वा मौखिक स्पष्टिकरण सोध्न सक्नेछ ।

२) सचेत गराई क्षमायाचना दिन सक्नेछ ।

३) राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार सम्बन्धित पक्षहरूका बीच मेलमिलाप गराउन सक्नेछ ।

४) राष्ट्रिय समन्वय परिषद्ले पञ्जिकृत सदस्यता निलम्बन वा खारेज गर्न सक्नेछ । यसरी पञ्जिकृत सदस्य निलम्बन वा खारेजी भए निज बहाल रहेको पदबाट स्वतः बर्खास्त हुनेछ ।

५) राष्ट्रिय समन्वय परिषद्को कार्यसमितिको पदाधिकारीहरु वा सदस्यहरु वा सल्लाहकारहरुले आचार संहिता उलंघन गरे कार्यसमितिको बैठकमा नै छलफल गरी बहुमतको निर्णयबाट निलम्बन गरी काम कारवाहीको प्रक्रिया अगाडी बढाउन सक्नेछ। अनुशासन तथा अनुगमन समितिको छानविन अनुसार आरोप प्रमाणित भएमा अनुशासन तथा अनुगमन समितिले सिफासि गर्न सक्नेछ र कार्यसमितिको बहुमतको निर्णयबाट कार्यसमितिबाट निष्काशन पनि गर्न सक्नेछ ।

तर

राष्ट्रिय समन्वय परिषद्को विभागिय समितिमा कार्यरत रहे तुरुन्त सो विभागबाट कार्यसमितिले हटाउन सक्नेछ ।

६) पञ्जिकृत सदस्यहरुले आचार संहिता उलंघन गरेमा राष्ट्रिय समन्वय परिषद्ले माथिल्लो निकायलाई गरिने सिफारिसहरुमा वा राष्ट्रिय समन्वय परिषदको समितिहरुमा केही समय वा पुरा कार्यकालका लागि नै बन्देज लगाउन सक्नेछ ।

तर

माथि जे सुकै कुरा लेखिएको भए पनि कार्यसमितिको स्वअनुगमनबाट आचार संहिता उलंघन गरेको प्रमाणित भएमा वा लिखित स्विकार गरेमा उपयुक्त कारवाहीका लागि अनुशासन तथा अनुगमन समितिबाट सिफारिश आबश्यक्ता पर्ने छैन (कारवाहीको सिफारिस गर्नुभन्दा अघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइको मौका दिईनेछ ।) ।

७) कारवाहीका लागि सिफारिश गर्न सक्ने : कतारबाट पञ्जिकृत सदस्य लिई आईसीसीको विभिन्न पदहरुमा पदीय जिम्मेवारी लिएकाहरुको हकमा निज बहाल रहेको पद अनुसारको पदीय अनुशासन उलंघन गरेको पाईएमा आईसीसीमा आवश्यक कारवाहीको लागि पठाइनेछ ।

८) अनुशासन तथा अनुगमन समितिका कुनै एक सदस्यले आचार संहिता उलंघन गरेको उजुरी परेमा संबन्धित सदस्य स्वत: निलम्बनमा पर्नेछ र कार्यसमितिको बैठकको निर्णय अनुसार अर्को सदस्यलाई जिम्मेवारी दिई छानविन गराउन सक्नेछ ।

तर

अनुशासन तथा अनुगमन समितिको दुई वा सो भन्दा धेरै सदस्यहरु उपर उजुरी परेमा भने कार्यसमिति आफैले छानविन समिति गठन गरी छानविन समितिको सिफारिस अनुसार कार्यसमितिले कावाहीको प्रक्रिया अघि बढाउन सकिनेछ ।

## परिच्छेद- ६
## विविध

**९. नियमावलीको व्याख्या गर्ने अधिकार :**

यस आचार संहिता नियमावलीको व्याख्या गर्ने अन्तिम अधिकार राष्ट्रिय समन्वय परिषद कतारलाई हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउने अधिकार**

यी नियमहरू बमोजिम काम कारबाही गर्दा-गराउँदा कुनै किसिमको बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

**११. बचाउ**

क. यो आचार संहिता जारी हुनु पश्चात एनआरएनए एनसीसी कतारमा परेका आचार संहिता सँग सम्बन्धित उजुरीहरूको कारवाही र किनारा यसै आचार संहिता बमोजिम भएको मानिनेछ ।

ख. यो आचार संहिता जारी पश्चात र राष्ट्रिय समन्वय परिषद कतारमा परेका आचार संहितासँग सम्बन्धित उजुरीहरूको कारवाही र किनारा यस आचार संहिता बमोजिम गरिनेछ ।

१२. अभिन्न अंग मानिने :

यो आचार संहिता लागू भएपछि नियमावलीको निमित्त जारी गरिने राष्ट्रिय समन्वय परिषद कतारको आचार संहिता सम्बन्धी विशिष्टीकृत निर्देशिका र राष्ट्रिय समन्वय परिषद कतारको निर्णयहरु यस आचार संहिताको अभिन्न अङ्ग मानिनेछन् ।

१३. यस नियमावली-२०१८ मा लेखिए जति सोही नियम बमोजिम र सो मा नलेखिएका अन्य व्यवस्थाहरूको हकमा केन्द्रीय विधान, संघको आचार संहिता नियमावली, राष्ट्रिय समन्वय परिषद कतारको विधान र कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

१४. नियमावली जारी :-

यस नियमावली राष्ट्रिय समन्वय परीषद कतारको कार्यसमितिको मिति २३ मार्च २०१८ को चौथो पूर्ण बैठकबाट पारित भई पारित भएकै मितिबाट लागू हुनेछ ।

✍...... समाप्त ...... ✍